# सहकारी खेतीमा आधारित साना सिँचाइ स्किम कार्यक्रम सञ्चालन कार्यविधि २०७५

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

**कृषि विकास निर्देशनालय**

गण्डकी प्रदेश

मालेपाटन, पोखरा

## सहकारी खेतीमा आधारित साना सिँचाइ स्किम कार्यक्रम सञ्चालन कार्यविधि २०७५

**प्रस्तावना**

कृषि व्यवसायमा संलग्न साना तथा मझौला कृषकहरूको कृषि व्यवसायलाई व्यवसायीकरण एवम् बाली विविधीकरण गर्न, हाल सञ्चालन भैरहेको समूह पद्धतिलाई सुदृढीकरण एवम् प्रभावकारी बनाउन र उपलब्ध सिमित स्रोत साधनहरूको अधिकतम उपयोग गरी कृषकहरूको आम्दानी एवम् रोजगारीका अवसर वृद्धि गरी जीवनस्तरमा सुधार ल्याउन जरुरी देखिन्छ । गण्डकी प्रदेश सरकारले कृषि सहकारीमा आबद्ध भई सङ्गठित साना तथा मझौला कृषकहरूलाई सिँचाइ सुविधा उपलब्ध गराउन विशेष प्राथमिकता दिई प्रोत्साहन गर्ने रणनीति अवलम्बन गरेको छ । आ.व. २०७५/७६ को लागि सङ्घबाट ससर्त अनुदान प्राप्त सहकारी खेतीमा आधारित साना सिँचाइ स्किम कार्यक्रम सञ्चालनलाई पारदर्शी र प्रभावकारी बनाउनको लागि कार्यविधि बनाइ कार्यक्रम सञ्चालन गर्न वान्छनीय भएकोले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि तयार गरी लागू गरेको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भ**

१. यस कार्यविधिको नाम **सहकारी खेतीमा आधारित साना सिँचाइ स्किम कार्यक्रम** सञ्चालन कार्यविधि **२०७५** रहेको छ ।

२. यो कार्यविधि गण्डकी प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. कार्यविधि लागू हुने क्षेत्रः** यो कार्य विधि गण्डकी प्रदेशभर लागू हुनेछ।

**३. परिभाषा**

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा

**क. कृषि सहकारी संस्था** भन्नाले सहकारी खेतीको अवधारणा अनुसार व्यवसायिक रूपमा उन्नत प्रविधियुक्त विभिन्न बालीहरू (खाद्यान्न, तरकारी, फलफूल, नगदे बाली आदि) उत्पादन तथा विक्री वितरण गर्ने हेतुले सिँचाइ र अन्य उत्पादन सामग्रीको व्यवस्था गर्न सहकारी ऐन २०७४ अनुसार जिल्ला सहकारी कार्यालयमा दर्ता भएको कृषकहरूको समूह/संस्थालाई जनाउँदछ ।

**ख. सहकारी खेतीमा आधारित साना सिँचाइ स्किम कार्यक्रम** भन्नाले तराईमा घटीमा ७ हेक्टर, पहाडमा ३ हेक्टर र उच्च पहाडमा २ हेक्टर सम्मको जग्गाहरू एकीकृत (cluster) गरी व्यवस्था गरिने सिँचाइ कार्यक्रमलाई जनाउँदछ ।

**ग. सहकारी संस्थाको सदस्यहरू** भन्नाले कृषि व्यवसाय सञ्चालन गर्न/साना सिँचाइ कार्यक्रममा सहभागी हुने उद्देश्यले सङ्गठित भई सहकारी ऐन २०७४ अनुसार सहकारी कार्यालयमा दर्ता भएका संस्थाका सदस्यहरू वा उपभोक्ताहरूलाई जनाउनेछ ।

**घ. "मन्त्रालय"** भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनुपर्दछ ।

**ङ. निर्देशनालय** भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत रहेको कृषि विकास निर्देशनालयलाई सम्झनुपर्दछ ।

**च. केन्द्र** भन्नाले कृषि विकास निर्देशनालय अन्तर्गत जिल्लास्थित कृषि प्रविधि तथा प्रसार सेवा उपलब्ध गराउने कृषि ज्ञान केन्द्र भन्ने सम्झनुपर्दछ ।

**छ. "प्रमुख"** भन्नाले कृषि विकास निर्देशनालयका तथा कृषि ज्ञान केन्द्र प्रमुख भन्न सम्झनुपर्दछ ।

**ज. "अनुदानग्राही"** भन्नाले यस कार्यक्रम सञ्चालन गर्नका लागि छनौट भएका कृषक समूह, कृषि सहकारीलाई सम्झनुपर्दछ ।

**झ. "प्रस्ताव"** भन्नाले साना सिँचाइ विशेष कार्यक्रम लागि सहयोग पाउन पेश गरेको आवेदन विवरण बुझ्नुपर्दछ ।

**ञ. "अनुदान"** भन्नाले प्रस्तवित कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराइने नगद अनुदान रकम वा अन्य सहयोगलाई सम्झनुपर्दछ ।

## ४. कार्यक्रमको उद्देश्य

१. कृषि सहकारीमा आबद्ध भई सङ्गठित साना तथा मझौला कृषकहरूलाई सिँचाइ सुविधामा विशेष प्राथमिकता दिई प्रोत्साहन गर्ने।

२. कम स्रोत साधनबाट सिँचाइ योजना मर्मत, संहार, निर्माण गरी तत्काल सिँचाइ सुविधा पुर्याउने ।

३. आधुनिक सिँचाइ प्रविधिको प्रयोग गरी कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने सहयोग पुर्याउने ।

## परिच्छेद २
## कार्यक्रम सञ्चालन विधि

### ५. सूचना प्रकाशन तथा प्रस्ताव आह्वान

क) यस कार्यविधि बमोजिम सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूहबाट प्रस्ताव आह्वानको लागि राष्ट्रिय दैनिक पत्रिकामार्फत कम्तीमा ३० दिनको म्याद सूचना प्रकाशित गरिनेछ । प्रेसित सूचनाको व्यापक प्रचार-प्रसारका लागि स्थानीय निकायका सबै कार्यालयहरूमा सूचना टाँस्ने व्यवस्था हुनुपर्ने । सूचना बमोजिम सम्बन्धित कृषक समूह, कृषि सहकारी, उपभोक्ता समिति वा संस्था आदिले प्रस्ताव पेश गर्न सक्नेछन् ।

ख) अनुसूची १ अनुसारको निवेदन सहित सहकारी खेतीमा आधारित साना सिँचाइ स्किम कार्यक्रममा सहभागी हुने कृषि सहकारी संस्थाले राजश्व बापत रु १००/- फिर्ता नहुने गरी बुझाइ सिँचाइ स्किमको लागि प्रस्ताव पेश गर्न सक्नेछ । सहकारी संस्थाले आवेदनसँग सहकारी संस्था दर्ता प्रमाण-पत्रको प्रतिलिपि, स्थानीय निकायमा कार्यरत वा केन्द्रको प्राविधिकको सिफारिस, स्किम सञ्चालनको लागि संस्थाको निर्णय प्रतिलिपि र निवेदक संस्था तथा केन्द्रले व्यहोर्ने रकम छुट्टा-छुट्टै देखिने गरी निवेदक संस्थाबाट तयार गरिएको अनुमानित लागत इष्टिमेट विवरण समेत पेश गर्नुपर्नेछ ।

ग) सहकारी खेतीमा आधारित साना सिँचाइ स्किमहरू सहकारी संस्थाको सदस्यद्वारा गठित उपभोक्ता समितिहरूबाट सञ्चालन गरिनेछ र आफैले नगरी दोस्रो व्यक्ति वा अन्य संस्थालाई ठेक्कापट्टामा दिन पाइने छैन ।

घ) स्किम प्रस्तावमा निवेदक संस्थाले आफ्नो तर्फबाट गर्ने कार्यहरू, अनुमानित लागत र केन्द्रले गर्नुपर्ने कार्यहरू समेत स्पष्ट खुलाउनु पर्नेछ ।

### ६. मूल्याङ्कन समितिको व्यवस्था

सहकारी खेतीमा आधारित साना सिँचाइ स्किम कार्यक्रम सञ्चालनका लागि पेश भएका प्रस्तावहरूको मूल्याङ्कनको लागि तपसिल बमोजिमको समिति गठन हुनेछ ।

| | |
|---|---|
| क) कृषि ज्ञान केन्द्रको जेष्ठ अधिकृत | -अध्यक्ष |
| ख) बागवानी विकास अधिकृत | - सदस्य |
| ग) योजना अधिकृत | - सदस्य |
| घ) कृषि इन्जिनियर, कृषि विकास निर्देशनालय, पोखरा | -सदस्य |

ङ) कृषि प्रसार अधिकृत -सदस्य सचिव

समितिले आवश्यकता अनुसार बढीमा २ जनासम्म विषय विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ । उपरोक्त समिति गठनका लागि उल्लेख भए बमोजिमको अधिकृत उपलब्ध नभएमा वा रिक्त भएमा कार्यालयमा भएका विषय सम्बन्धित कृषि प्राविधिक राखी समिति गठन गर्न सकिनेछ ।

**७. मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार**

क) सम्बन्धित सहकारीबाट पेश भएका प्रस्ताव र सोसँग सम्बन्धी कागजातहरूको मूल्याङ्कन र चेकजाँच गर्ने, स्किम सञ्चालन हुने स्थलको अनुगमन गरी उपयुक्त देखिएका प्रस्तावकलाई छनोटका लागि सिफारिस गर्ने ।

ख) मूल्याङ्कन समितिको सिफारिसका आधारमा केन्द्र प्रमुखले सिँचाइ स्किम स्वीकृत गर्नेछन्।

ग) मेसिनहरूको हकमा खरिद गरी जडान भएपश्चात अनुदान निकासा गर्न स्विकृति दिने ।

घ) सिँचाइ संरचना निर्माण वा जडान कार्यको अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

ङ) अनुदान रकमको हिसाब पेश नगर्ने वा सदुपयोग नगर्ने सहकारीलाई कार्वाहीका लागि सिफारिस अघि बढाउने।

च) मूल्याङ्कन सम्बन्धी अन्य आवश्यक कार्य गर्ने।

**८. प्रस्ताव मूल्याङ्कन र स्किम छनौटका आधारहरू**

क) सहकारीको भावना एवम् मर्म अनुरूप व्यवसायिक रूपमा अनुकरणीय हुने गरी खेती गर्न उत्सुक साना तथा मझौला कृषकहरू समावेश भएको कृषि सहकारी संस्थाले माग गरेको स्किम हुनुपर्दछ ।

ख) दलित तथा सामाजिक रूपमा विपन्न एवम् पिछडिएको जनजाति र महिला कृषकहरूको बाहुल्य रहेको संस्थालाई विशेष ध्यान दिइनेछ ।

ग) बाढि पहिरो आदिले क्षति पुगेका सामुहिक सिँचाइ, सानो तिनो नदीबाट कटान भएका बाँध, कुलोहरूको तत्काल मर्मत गर्नुपर्ने देखिएमा त्यस्ता आयोजनालाई प्राथमिकता दिइनेछ ।

घ) जनसहभागिताको आधारमा स्थानीय स्रोतको बढि परिचालन गर्न सक्षम कृषि सहकारी संस्था हुनुपर्नेछ ।

ङ) प्रतिकुल वातावरणीय असर न्यून हुने आयोजनाहरूलाई विशेष रूपमा लिइनेछ ।

च) छनौट भएका स्किमहरू सोही आर्थिक वर्षभित्र पूरा हुनुपर्नेछ ।

छ) स्किम मूल्याङ्कन समितिबाट स्वीकृत गराउनु पर्नेछ ।

## परिच्छेद ३
## अनुदान रकम स्वीकृति तथा सम्झौता

**९. अनुदान व्यवस्था**

क) सहकारी खेतीमा आधारित साना सिँचाइ स्किम कार्यक्रम सञ्चालनका लागि सम्झौता बमोजिम केन्द्रबाट अनुदानको रकम उपलब्ध गराइनेछ । अनुदान रकम स्वीकृत कार्यक्रम तथा बजेटको सिमाभित्र रही अधिकतम रु ५ लाखसम्म प्रदान गरिनेछ । उक्त रकमबाट सम्भाव्यता र आवश्यकता अनुसार एक वा एकभन्दा बढी स्किमहरू पनि सञ्चालन गर्न सकिनेछ ।

ख) सहकारी खेतीमा आधारित साना सिँचाइ स्किमको कार्यान्वयनको लागि छनौट भएका सहकारी संस्थाले उक्त स्किम कार्यान्वयन गर्न कुल प्रस्तावमा पेश भएको इष्टिमेटको अधिकतम ७० प्रतिशतसम्म अनुदान उपलब्ध गराइनेछ । घटीमा १५ प्रतिशत लागत श्रमदान वा नगदको रूपमा वा दुवै सम्बन्धित सहकारी संस्थाले जुटाउनु पर्नेछ ।

ग) छनोट समितिबाट स्वीकृति प्राप्त भएपछि सोको आधारमा केन्द्र प्रमुखले सहकारीसँग प्रतिबद्धता लिइ सम्झौता गरी कार्यादेश दिनेछ ।

घ) अनुदान प्राप्त हुने रकमको अधिकतम ३ (तीन) प्रतिशत रकम कन्टिन्जेन्सी बापत राखिनेछ र सो रकम सूचना प्रकाशन, स्टेशनरी, अनुगमन, प्रस्ताव मूल्याङ्कन जस्ता प्रशासनिक कार्यमा खर्च गरिनेछ।

## परिच्छेद ४
## अनुदान उपलब्ध गराउने र खर्च गर्ने विधि

**१०. अनुदान प्रवाह विधि**

क) प्रस्तावकले अनुदान रकमको किस्ता प्राप्त गर्न स्वीकृत कार्ययोजना अनुसारका क्रियाकलापहरू सञ्चालन गर्दा भएको खर्चको बिल, भर्पाइ र प्रगति प्रतिवेदन पेश

गर्नुपर्नेछ । किस्ता भुक्तानी गर्दा छनौट तथा मूल्याङ्कन समितिको मूल्याङ्कन तथा स्थलगत अनुगमन रिपोर्ट सहितको सिफारिसको आधारमा एकाउन्ट पेयी चेकबाट बढीमा २ किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गराइनेछ।

ख) यस कार्यविधि बमोजिम उपलब्ध हुने अनुदान सम्बन्धी अभिलेख सम्बन्धित केन्द्रले राख्नु पर्नेछ र सो को प्रगति विवरण माथिल्लो निकायमा पठाउनु पर्नेछ ।

**११. आवेदकले पालना गर्नुपर्ने सर्तहरुः**

क) यस कार्यविधि बमोजिम सञ्चालन हुने कामको विवरण, लागत, सम्पन्न अवधि इत्यादि खुलेको होर्डिङबोर्ड कार्यक्रम स्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

ख) अनुदान प्राप्त गर्ने समूह वा सहकारीले निर्माण कार्य गरे पश्चात तोकिएको प्राविधिकबाट सम्पन्न कामको निरीक्षण गराएर मात्र बिल भुक्तानीको लागि पेश गर्नुपर्नेछ ।

ग) कार्यक्रम सञ्चालन गर्ने क्रममा समूह वा सहकारीले मन्त्रालय, निर्देशनालय र केन्द्रले दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

घ) निर्देशनालय र केन्द्रले चाहेमा क्रियाकलाप सञ्चालन तथा सो गर्ने क्रममा भएको खर्चको हिसाब किताब हेर्न सक्नेछ । कार्य प्रगति तथा खर्चको हिसाब देखाउनु सम्बन्धित उद्यमीको दायित्व हुनेछ।

ङ) प्रस्तावित संरचना निर्माणपश्चात मर्मत संहारको जिम्मा अनुदानग्राहीको हुनेछ ।

च) प्रास्तावित संरचनाहरू निर्माण गर्दा कुनै दुर्घटना भएमा त्यसको जिम्मेवारी अनुदानग्राहीले नै लिनु पर्नेछ ।

## परिच्छेद ५
## अनुगमन तथा मूल्याङ्कन व्यवस्था

**१२. अनुगमन तथा मूल्याङ्कन**

क) अनुदानमा सञ्चालित सिँचाइ संरचना निर्माण तथा सम्बन्धित अन्य कार्यको अनुगमन मन्त्रालय, निर्देशनालय र सम्बन्धित केन्द्रहरूले संयुक्त वा आवश्यकता अनुसार छुट्टा-छुट्टै पनि गर्न सक्नेछन्।

ख) दफा (क) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन कार्यालयले सुरक्षित राख्नुपर्नेछ।

ग) दफा (क) बमोजिम दिएको निर्देशनको पालना गर्नु उद्यमीको कर्तव्य रहनेछ ।

## परिच्छेद ६

## विविध

### १३ अनुदान रकमको दुरूपयोग सम्बन्धमा

क) सम्झौता अनुरूप काम नगर्ने सहकारी वा अनुदानग्राहीलाई छनोट समितिले अनुदान रकम रोक्का राख्न सक्नेछ।

ख) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरूपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता सहकारी वा अनुदानग्राहीलाई प्रचलित ऐन नियम बमोजिम कारवाही गरी असुल उपर गरिनेछ।

### १४. बाधा अड्चन निरूपण

क) यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आइपरेमा वा विवाद उत्पन्न भएमा सोको निरूपण छनौट समितिको सिफारिसमा केन्द्र प्रमुखले गर्नेछ ।

### १५. संशोधन तथा परिमार्जन

क) यो कार्यविधिमा केही कुरा संशोधन वा परिमार्जन गर्न परेमा निर्देशनालयको सिफारिसमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्नसक्नेछ ।

### १६. प्रचलित कानुन बमोजिम हुने

यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र अन्य व्यवस्थाहरूको हकमा प्रचलित ऐन र कानुन बमोजिम हुनेछ ।

## अनुसूची १

## सहकारी खेतीमा आधारित साना सिँचाइ स्किम कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वानको सूचना

**सूचना । सूचना ।। सूचना ।।।**

यस .............ले आर्थिक वर्ष ...... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **सहकारी खेतीमा आधारित साना सिँचाइ स्किम कार्यक्रम सञ्चालनका** लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, आदिबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिनभित्र माग गरिएको सम्पूर्ण कागजातहरू समावेश गरी प्रस्ताव सहित आवेदन आह्वान गरिएको छ । थप जानकारीका लागि सम्बन्धित यस.......... सम्पर्क गर्न हुन अनुरोध छ ।

| |
|---|
| रु १० को टिकट |

## अनुसूची २
## आवेदन फाराम

श्रीमान् ..................ज्यू,                                                       मितिः
..................।

**विषयः सहकारी खेतीमा आधारित साना सिँचाइ स्किम कार्यक्रम सञ्चालनका लागि अनुदान सम्बन्धमा।**

महोदय,
प्रस्तुत विषयमा तहाँ ..................बाट **सहकारी खेतीमा आधारित साना सिँचाइ स्किम कार्यक्रम सञ्चालनका** लागि प्रस्ताव माग भए बमोजिम (आवेदक संस्था वा कम्पनीको नाम तथा ठेगाना)...... ................................ ले सञ्चालन गर्ने ........................ क्रियाकलापका लागि जम्मा रकम रु........................./- (अक्षेरुपी ....... ........................................................) को कार्यक्रम योजना तयार गरी आवश्यक अन्य काजगातहरू सहित अनुदान सहयोगको लागि पेश गरेको व्यहोरा अनुरोध गर्दछु । व्यवसायिक योजनामा उल्लेख भएको कुल बजेटमध्ये तहाँ केन्द्रबाट नियमानुसार उपलब्ध हुने अनुदान रकम वा सहयोग रु ......................./ (अक्षरुपी ....... ...........................) बाहेकको अन्य रकम (आवेदक संस्थाको नाम).... ........................ले नगद तथा जिन्सी एवम् श्रमदान गरी रु......................./- (अक्षरुपी .... ............) बराबरको योगदान गर्न सहमत रहेको हुँदा तहाँ .....................बाट सञ्चालित यस कार्यक्रमा छनौट गरिपाऊँ भनी अनुरोध छ ।
साथै तपसिल अनुसारका कागजातहरू यसै निवेदनसाथ संलग्न राखी पेश गरेको व्यहेरा अनुरोध छ ।

**संलग्न कागजातहरू**

१. रु १० को टिकट टाँसेको अनुसूची २ अनुसारको निवेदन
२. नेपाली नागरिकताको प्रमाण-पत्र ।
३. संस्था दर्ता, नवीकरण, कर चुक्ता, स्थायी लेखा नम्बर तथा लेखा-परीक्षण प्रतिवेदनको प्रतिलिपि ।
४. जमिनको लालपुर्जाको प्रतिलिपि-पत्र । लिजमा जग्गा लिएको भए सम्झौताको प्रतिलिपि
५. सिँचाइ संरचना वा जडान कार्यक्रमको व्यवसायिक योजना ।
६. आवेदकसँग रहेको नगद मौज्दातको प्रमाण र लगानीका स्रोतहरूको आधार ।
७. प्रस्तावित निमार्ण कार्यको लगात इष्टिमेट र डिजाइनको विवरण ।
८. आफूले व्यहोर्ने रकमको प्रतिबद्धता पत्र ।
९. संस्थाको अडिट रिपोर्ट र कुल सदस्या सङ्ख्या खुल्ने विवरण ।

निवेदक

| | |
|---|---|
| संस्थाको सचिव : | संस्थाको अध्यक्ष |
| दस्तखत: | दस्तखत: |
| नाम, थर: | नाम, थर: |
| मिति: | |

## अनुसूची-३

## सहकारी खेतीमा आधारित साना सिँचाइ स्किम कार्यक्रम सञ्चालन प्रस्ताव पेश गर्ने ढाँचा

### १. आवेदकको विवरण

| | |
|---|---|
| आवेदक नाम | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| यदि संस्था भए दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| अध्यक्षको नाम | |
| सम्पर्क मोबाइल नं. | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| परियोजनाको नाम | |
| प्रस्तावित आयोजनाको कुल बजेट रु | |
| अनुदानग्राहीको तर्फबाट व्यहोर्ने रकम रु | |
| माग गरिएको अनुदान रकम रु | |
| स्थानीय निकाय वा गैर-सरकारी संस्थाबाट अनुदान प्राप्त हुने भए सोको विवरण पनि उल्लेख गर्ने | |
| प्रस्तावना पेश गर्ने कार्यालयको नाम | |
| वर्तमान जल उपभोक्ताहरूको परिवार सङ्ख्याः | |
| वर्तमान जल उपभोक्ताहरूको सङ्ख्याः | |
| थप सम्भाव्य परिवार सङ्ख्याः | |
| थप सम्भाव्य जल उपभोक्ता सङ्ख्याः | |

**२. विगतमा सहकारी खेतीमा आधारित साना सिँचाइ स्किम कार्यक्रम सञ्चालन भएको भए सोको विवरण उललेख गर्ने ।**

| क्र. सं. | साना सिँचाइ स्किमको विवरण | सिँचाइ स्किमले ओगटेको क्षेत्रफल | कमन्ड क्षेत्रको वार्षिक उत्पादन | सदस्यहरूको वार्षिक सरदर आम्दानी (रु.) | संलग्न सदस्य सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**३. प्रस्तावित कार्यक्रमको औचित्य तथा महत्व**

**४. प्रस्तवित कार्यक्रमको अपेक्षित उपलब्धि**

**५. सहकारी खेतीमा आधारित साना सिँचाइ स्किम कार्यक्रम सञ्चालन अन्तर्गत सञ्चालन हुने मुख्य-मुख्य क्रियाकलापहरू**

| **क्र.सं.** | **क्रियाकलाप विवरण** | **एकाइ** | **परिणाम** | समापन गर्ने मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | |

**६. कार्यक्रम सञ्चालन अवधिः**

७. **खर्च विवरणः**

**क. स्थिर खर्चको विवरणः**

सिँचाइसँग सम्बन्धित कृषि यन्त्र उपकरणहरू, सिँचाइ संरचनाको व्यवस्था आदि जस्ता संरचना निर्माणमा हुने खर्च समावेश गर्ने ।

| क.सं. | क्रियाकलापहरूको विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च (रु. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**ख. चालु खर्चको विवरण**

उपभोक्ताको जनश्रमदान आदिमा हुने खर्च ।

| क.सं. | क्रियाकलापहरूको विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च (रु.) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**८. प्रस्तावित कार्यक्रमको लागत विवरण**

**आफ्नो लगानी र माग गरिएको अनुदान रकम**

| क्र.सं. | विवरण | अनुदानग्राहीको लगानी (रु.) | माग गरिएको अनुदान (रु.) | स्थानीय निकाय वा अन्य संस्थाको लगानी (रु.) | जम्मा रकम (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

## ९. सिँचाइ संरचना निर्माण तथा जडान पश्चात आयोजना निरन्तरताको आधारहरू

प्रस्तावकको

संस्थाका नाम

संस्थाको छापः

ठेगाना

दस्तखतः

मितिः

## अनुसूची ४

### सहकारी खेतीमा आधारित साना सिँचाइ स्किम कार्यक्रम सञ्चालन मूल्याङ्कनका आधारहरू

| सि . नं. | विवरण | प्राप्त हुने अङ्क |
|---|---|---|
| १. | **सिँचाइ संरचना निर्माण तथा जडान स्थानको उपयुक्तता** | २० |
| | (क) प्रस्तावित स्थान व्यवसायिक कृषिका निकै उपयुक्त भएको | २० |
| | (ख) प्रस्तावित स्थान व्यवसायिक कृषिका लागि ठीकै ठीकै भएको | १० |
| | (ग) प्रस्तावित स्थान व्यवसायिक कृषिका लागि ठीक नभएको | ० |
| २. | **कार्यक्रम प्रस्ताव संस्थाका सदस्यहरूको सामाजिक र आर्थिक अवस्था** | २० |
| | (क) जनजाति वा दलित वा महिला वा पिछडिएको वर्ग तथा गरिब पनि भएमा | २० |
| | (ख) जनजाति वा दलित वा महिला वा पिछडिएको वर्ग भएमा | १० |
| | (ग) अन्य समाजिक वर्ग भएमा र आर्थिक अवस्था पनि राम्रै भएमा | ५ |
| ३. | **स्थानीय निकाय वा गैर-सरकारीसंस्थाको सहभागिता** | २० |
| | क) स्थानीय निकायको सहभागिता सुनिश्चित भएको | २० |
| | (ख) गैर-सरकारीसंस्थाको सहभागिता सुनिश्चित भएको | १० |
| | (ग) दुवैको सहभागिता नहुने | ० |
| ४. | **कार्यक्रम प्रस्ताव संस्थाको सङ्गठनात्मक अवस्था, कार्य तथा आर्थिक क्षमता** | २० |
| | (क) संस्थाको सङ्गठनात्मक अवस्था राम्रो, प्रभाकारी कार्यक्रम र आर्थिक अवस्था सबल रहेको | २० |
| | (ख) संस्थाको सङ्गठनात्मक अवस्था ठीकै, प्रभाकारी कार्यक्रम नभएको र आर्थिक अवस्था सबल नरहेको | १० |
| | (ग) संस्थाको सङ्गठनात्मक अवस्था कमजोर, प्रभाकारी कार्यक्रम नभएको र आर्थिक अवस्था पनि कमजोर नरहेको | ५ |
| ५. | **सिँचाइ संरचना निर्माण तथा जडानको सञ्चालनमा निरन्तरता** | २० |
| | (क) निर्माणपश्चात निरन्तर रूपमा सञ्चालन हुने पर्याप्त आधार देखिएको | १० |
| | (ख) निर्माणपश्चात निरन्तर रूपमा सञ्चालन हुने पर्याप्त आधार नदेखिएको | ० |
| | **जम्मा** | १०० |

# अनुसूची ५

## प्रतिबद्धता-पत्र

........ले मिति २..../ ..../ ....को सूचना अनुसार **सहकारी खेतीमा आधारित साना सिँचाइ स्किम कार्यक्रम** सञ्चालन हुने कार्यको लागि कार्ययोजना सहितको आवेदन पेश गरेको छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने गरी ........वर्षसम्म निरन्तरता दिनेछु/दिनेछौं । कार्ययोजना अनुसारको कार्य नगरेमा ........भन्दा अगावै सो कार्यहरू बन्द गरेमा गण्डकी प्रदेश सरकारबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/गर्दछौं । अन्यथा ऐन कानुन बमोजिम सहुँला/बुझाउँला । साथै सञ्चालित कृयाकलापबाट वातावरणलाई असर नपुर्‍याउने प्रतिबद्धता समेत व्यक्त गर्दछु/गर्दछौं ।

इति संबत् २०...../ ..../ .....गते रोज ...... शुभम् ।

नाम :

ठेगाना :

दस्तखत :

मिति :

संस्थाको छाप :

| दायाँ | बायाँ |
|---|---|
| | |

## अनुसूची ६

## सहकारी खेतीमा आधारित साना सिँचाइ स्किम कार्यक्रम निर्माण /पुनर्निमाण सम्बन्धी सम्झौता पत्रको नमुना

१. यो सम्झौता पत्र सहकारी ऐन, २०४८ अनुसार दर्ता भएका कृषि सहकारी संस्था र कृषि ज्ञान केन्द्र बीच सहकारी खेतीमा आधारित साना सिँचाइ स्किम आयोजना प्रयोजनका लागि प्रयोग गरिनेछ ।

२. यो सम्झौता दुवै पक्षको दस्तखत भएको मितिदेखि प्रारम्भ भएको मानिनेछ। यसमा प्रथम पक्ष कृषि ज्ञान केन्द्र र दोस्रो पक्ष कृषि सहकारी संस्था हुनेछ।

३. सम्झौता भएको मितिले १५ दिनभित्र कार्य सुरु गर्नुपर्नेछ।

४. यस सहकारी खेतीमा आधारित साना सिँचाइ स्किम कार्यक्रमको निर्माण कार्य सहकारी संस्थाको रेखदेखमा गर्नुपर्नेछ। आफैले नगरी दोस्रो व्यक्ति वा अन्य संस्थालाई ठेक्कापट्टा दिई गराउन पाइने छैन। गराएमा सम्झौता खारेज गरिनेछ।

५. कृषि ज्ञान केन्द्रले उपलब्ध गराउने रकम रु...................... किस्तामा उपलब्ध गराइने छ। पहिलो किस्ता आयोजना सुरु गर्नका लागि ........ प्रतिशत दोस्रो किस्ता .............. प्रतिशत रकम र बाँकी .............. तेस्रो किस्ता स्किम कार्य समापन भई सम्पन्न प्रतिवेदन प्राप्त भएपछि उपलब्ध गराइनेछ।

६. यस्तो अनुदान रकम प्राप्त गर्नका लागि सम्बन्धित सहकारी संस्थाले कुल लागतको ५ प्रतिशत रकम धरौटी स्वरूप सम्झौता गर्नुपूर्व कृषि ज्ञान केन्द्रको धरौटी खातामा अग्रिम रूपमा जम्मा गर्नुपर्नेछ। आयोजना सम्पन्न भइसकेपछि धरौटी रकम फिर्ता गरिनेछ।

७. सम्बन्धित सहकारी संस्थाले साना सिँचाइ स्किमको लागि अनुदान रकम प्राप्त गर्न लाग्ने कुल लागतको घटीमा १५ प्रतिशत लागत जन श्रमदान वा नगद वा दुवै रूपमा सम्बन्धित सहकारी संस्थाले व्यहोर्नु पर्नेछ।

८. किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकबाट कामको मूल्याङ्कनको आधारमा रकम भुक्तानी गरिनेछ।

९. सहकारी संस्थाले यसै कार्यक्रमको लागि आफ्नै समूहको स्रोत बाहेक कुनै सरकारी, गैर-सरकारी सङ्घ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रूपमा कृषि ज्ञान केन्द्रलाई जानकारी गराउनुपर्नेछ।

१०. सहकारी संस्थाले काम गर्दा कृषि ज्ञान केन्द्रबाट खटिएका प्राविधिकहरूको निर्देशन अनुसार गर्नुपर्नेछ।

११. दोस्रो पक्षले सम्झौता बमोजिमको कार्य सञ्चालन गरेपश्चात सार्वजनिक सुनुवाइ गर्नुपर्नेछ

| | |
|---|---|
| .............................. | ................................. |
| प्रथम पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| नामः | नाम : |
| पदः | पद : |
| संस्थाको नाम र छापः | फर्मको नाम र छापः |

<u>साक्षीहरू</u>